साइतामा प्रिफेक्चर समाज कल्याण परिषद नं. 0000
रेइवा 5 साल 0 महिना 00 तारिख

330-8529
साइतामा प्रिफेक्चर, साइतामा सहर, उरावा वार्ड, हारिगाया 4-2-65
साइनो कुनी सुकोयाका प्लाजा दोस्रो तला

श्री साइतामा तारो

9999999 *999999999*

समाज कल्याण निगम साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
अध्यक्ष हिरोकी यामागुची
(आधिकारिक छाप नराखिएको)

# आपत्कालीन सानो कोष जस्ता विशेष सापटीसँग सम्बन्धित सापटी रकमको कर्जा चुक्ता स्थगन सम्बन्धी सूचना

यस परिषदद्वारा सापट दिइएको आपत्कालीन सानो कोष जस्ता विशेष सापटीको सन्दर्भमा कर्जा चुक्ता स्थगन सम्बन्धी जानकारी गराउँछौं। भविष्यमा गरिनुपर्ने ऋण चुक्ताले चिन्तित व्यक्तिहरूको ऋण चुक्ता **स्थगन** हुन सक्छ। स्थगनको लागि अनुरोध गर्न चाहने व्यक्तिले सँगै पठाएको “कर्जा चुक्ता स्थगनको लागि आवेदन विधिहरूको बारेमा” लाई ध्यान पूर्वक पढेर आवेदन दिनुहोस्।

* **छुटको लागि आवेदन गरिसकेकाहरूलाई पनि त्यो आवेदनको समीक्षाको परिणाम जस्तोसुकै भए पनि यो सूचना पठाएको छ।**

तपसिल

## 1 ऋण चुक्ता गर्न समस्या भएकाहरूका लागि (कर्जा चुक्ता स्थगनको बारेमा)

ऋण मोचन लागू नभएमा पनि बिमारी, बेरोजगारी, आयमा ह्रास वा अन्य परिस्थितिको कारणले कर्जा चुक्ता गर्न गाह्रो भएमा कर्जा चुक्ता **स्थगित हुन** सक्छ। स्थगनको लागि अनुरोध गर्न चाहने व्यक्तिले सँगै पठाएको “कर्जा चुक्ता स्थगनको लागि आवेदन विधिहरूको बारेमा” लाई ध्यान पूर्वक पढेर आवेदन गर्नुहोस्।

* **रेइवा 6 साल (सन् 2024) जनवरीदेखि स्थगित भएको चाहनुहुन्छ भने नोभेम्बर 30 तारिख (बिहीबार) सम्म आवेदन दिनुहोस् (पोस्टमार्क मान्य)।**

* **ऋण मोचनको लागि आवेदन दिएका व्यक्तिहरूले पनि आवेदन दिन सकिन्छ।**

## 2 निवासी कर छुट भएको अवस्था बाहेक ऋण मोचनको लागि आवेदन दिन सकिने अवस्थाहरूको बारेमा

**ऋण चुक्ता गर्न सुरु भएपछि** पनि निम्न आवश्यकताहरू पुरा गरेमा ऋण मोचन आवेदन दिन सकिन्छ।

- जीवनयापन सुरक्षा भत्ता प्राप्त गरेको भएमा
- मानसिक स्वास्थ्य कल्याण पुस्तिका (तह 1) वा शारीरिक अपाङ्गता पुस्तिका (तह 1 वा 2) प्राप्त गरेको भएमा

आवेदन दिने विधि र आवश्यक कागजातहरूबारे जानकारीको लागि कृपया तलको सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।

## 3 हाल निवासी कर छुटको कारणले ऋण मोचनको लागि आवेदन दिइरहेका व्यक्तिहरूका लागि

हाल तपाईंले आवेदन दिएका कागजातहरू समीक्षा गर्दै छौं। आवेदन दिएको समय अनुसार फरक हुन सक्छ तर समीक्षाको परिणाम रेइवा 5 साल (सन् 2023) डिसेम्बरसम्ममा पठाइने कुरा कृपया बुझिदिनुहोस्।

* **यदि तपाईंको आवेदन कागजातहरू अपूर्ण भएमा तपाईंलाई अपूर्णताको सूचना पठाउनेछौं। यस्तो भएमा कृपया फेरी एकपटक ती कागजातहरू जाँच्नुहोस्।**
**नबुझेका कुराहरू भएमा कृपया तलको सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।**

【सम्पर्क स्थान】
साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी
【फोन नम्बर】 050-2018-1839 【सम्पर्क हुने समय】 सोमवार देखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

# जीवनयापन कल्याण कोष सापटी रकम सापटी प्रणाली अन्तर्गत आपत्कालीन सानो कोष जस्ता विशेष सापटी रकमको कर्जा चुक्ता स्थगनको लागि आवेदन फारम

तलका सबै बुँदाहरूको पुष्टि गरी त्यसमा सहमति गरेपछि म तल देखाइए अनुसार कर्जा चुक्ता स्थगनको लागि आवेदन दिन्छु।

- क यस विशेष व्यवस्थामा कर्जा चुक्ता स्थगनको निर्णय भएको खण्डमा आत्मनिर्भरता परामर्श सहायता संस्थालाई उक्त संस्थाको कामकाज सम्पन्न गर्नको लागि उपयोग गर्नको निम्ति म आफ्नो व्यक्तिगत जानकारी दिन सहमत छु।
- ख भरेको व्यक्तिगत जानकारीलाई म यस प्रणालीको लागि आवश्यक हदसम्ममा तेस्रो पक्षलाई उपलब्ध गराउने कुरामा सहमत छु ।
- ग म यस श्री समाज कल्याण परिषदद्वारा यस प्रणालीको लागि आवश्यक हदसम्ममा स्थानीय तह समाज कल्याण परिषदहरू, आत्मनिर्भरता परामर्श सहायता संस्थाहरू, स्थानीय स्वायत्त सरकारी निकायहरू र अन्य सम्बन्धित संस्थासँग खोजी गरी मेरो व्यक्तिगत जानकारी उपलब्ध गराउने कुरामा सहमत छु।

रेइवा साल महिना तारिख

ऋणीको नाम ______________________

फोन नम्बर ______________________

* **अनिवार्य रूपमा बायाँ खाली ठाउँमा आफ्नो पुरा नाम (सूचनामा लेखिएको नाम) ले हस्ताक्षर गर्नुहोस्।**

साइतामा प्रिफेक्चर समाज कल्याण परिषद अध्यक्ष ज्यू

| | | | | |
|---|---|---|---|---|
| आवेदनको कारण (☑ लगाउनुहोस्) | ☐(1) भूकम्प वा आगलागी आदिबाट प्रभावित भएको<br>☐(2) बिरामी भएर स्वास्थ्यलाभ गरिरहेको<br>☐(3) रोजगारी गुमाएको वा काम छोडेको<br>☐(4) छात्रवृत्ति वा व्यावसायिक कर्जा (आवास कर्जा बाहेक) जस्ता अन्य ऋणहरूको भुक्तानीको लागि कर्जा चुक्ता स्थगन प्राप्त गरेको<br>☐(5) आत्मनिर्भरता परामर्श सहायता संस्थासँग लिएको परामर्शको परिणाम स्वरूप उक्त संस्थाले कर्जा चुक्ता स्थगन गर्न उपयुक्त छ भनि राय प्राप्त गरेको<br>* **(1) देखि (5) मा टिक लगाउनुभएको छ भने कृपया टिक लगाएका बुँदाहरूको स्थिति देखाउने कागजात संलग्न गर्नुहोस्।**<br>☐(6) माथिको (1) देखि (5) बाहेक अन्य कारणहरू<br>* **(6) मा टिक लागाउनुभएको छ भने कृपया ऋण चुक्ता गर्न गाह्रो भएको अवस्थाको बारेमा अनिवार्य रूपमा लेख्नुहोस्।**<br>जीवनयापन, आम्दानी आदिको सम्बन्धमा * **सकेसम्म धेरै विस्तृतमा लेख्नुहोस्।** | | | |
| कोषको प्रकार | 《विशेष सापटीको नाम》 | | | |
| सापटीको विवरण | ऋण रकम | 《सापटी रकम》 येन | | |
| | सापटी कोड | 《कोष कोड》 《सापटी कोड》 | | |
| | स्थगन अवधि | 1 वर्ष<br>*तल देखाइएको स्थगन पछिको ऋण चुक्ता अवधि आवेदन समय अनुसार फरक हुनेछ। | | |
| | **स्थगन अघि** ऋण चुक्ता अवधि | 《ऋण चुक्ता सुरु गर्ने दिन》 देखि<br>《ऋण चुक्ता गरिसक्नुपर्ने अन्तिम दिन》 सम्म | **स्थगन पछि** ऋण चुक्ता अवधि | 《स्थगन पछि ऋण चुक्ता सुरु गर्ने दिन》 देखि<br>《कर्जा चुक्ता स्थगन पछिको म्याद》 सम्म |

*999999999*

SAMPLE

# कर्जा चुक्ता स्थगनको लागि आवेदन विधिहरूको बारेमा

## 1 कर्जा चुक्ता स्थगन आवेदन गर्न सकिने कारण र आवेदनको लागि आवश्यक कागजातहरूको बारेमा

| | कर्जा चुक्ता स्थगन आवेदन गर्न सकिने कारणहरू | आवश्यक कागजात |
|---|---|---|
| (1) | भूकम्प वा आगलागी आदिबाट प्रभावित भएको | प्रकोप क्षति प्रमाणपत्र, विपद प्रमाणपत्र जस्ता तपाईं प्रकोपबाट प्रभावित भएको पुष्टि गर्ने कागजात |
| (2) | बिरामी भएर स्वास्थ्यलाभ गरिरहेको | चिकित्सा प्रमाणपत्र वा बिरामी प्रमाणपत्र जस्ता बिरामी भएर स्वास्थ्यलाभ गरिरहेको पुष्टि गर्ने कागजातहरू |
| (3) | रोजगारी गुमाएको वा काम छोडेको | काम छोडेको वा रोजगारी गुमेको भनी पुष्टि गर्न सक्ने कागजातहरू, जस्तै सेवानिवृत्ति प्रमाणपत्र वा बेरोजगारी प्रमाणपत्र |
| (4) | छात्रवृत्ति वा व्यावसायिक कर्जा (आवास कर्जा बाहेक) जस्ता अन्य ऋणहरूको भुक्तानीको लागि कर्जा चुक्ता स्थगन प्राप्त गरेको | तपाईंले अन्य ऋणहरूको भुक्तानीको लागि कर्जा चुक्ता स्थगन प्राप्त गरेको भनेर पुष्टि गर्ने कागजातहरू |
| (5) | आत्मनिर्भरता परामर्श सहायता संस्थासँग लिएको परामर्शको परिणाम स्वरूप उक्त संस्थाले कर्जा चुक्ता स्थगन गर्न उपयुक्त छ भनि राय प्राप्त गरेको | आत्मनिर्भरता परामर्श सहायता संस्थाबाट प्राप्त रायपत्र |
| (6) | (1) देखि (5) बाहेक अन्य कारणहरूले ऋण चुक्ता गर्न गाह्रो भएको | पेश गर्नुपर्ने कागजात छैन<br>* **अनिवार्य रूपमा आवेदन फारमको "आवेदनका कारणहरू लेख्ने ठाउँभित्र" ऋण चुक्ता गर्न गाह्रो भएको अवस्था लेख्नुहोस्।** |

* ऋण मोचनको लागि आवेदन दिएका व्यक्तिहरूले पनि आवेदन दिन सकिन्छ।

## 2 आवेदन विधि

[माथि (1) देखि (5) अन्तर्गत पर्ने व्यक्तिहरू]
आवेदन फारम र माथिका आवश्यक कागजातहरू हुलाकमार्फत पठाउनुहोस्।

[माथि (6) अन्तर्गत पर्ने व्यक्तिहरू]
आवेदन फारम मात्र हुलाकमार्फत पठाउनुहोस्।
* **अनिवार्य रूपमा आवेदन फारमको ऋण चुक्ता गर्न गाह्रो भएको अवस्थाबारे लेख्ने ठाउँमा भर्नुहोस्।**

## 3 स्थगन सुरु हुने मितिको बारेमा

- **नोभेम्बर 30 तारिख (बिहिबार) सम्मको पोस्टमार्क राखिएको र कुनै अपूर्णता नभएको आवेदनको स्थगन रेइवा 6 साल (सन् 2024) जनवरीदेखि सुरु हुनेछ।**
- **डिसेम्बर 1 तारिख (शुक्रबार) वा सोभन्दा पछिको पोस्टमार्क राखिएको छ भने स्थगन सुरु हुने मिति यस संस्थामा आवेदन आइपुगेको मितिको आधारमा रेइवा 6 साल (सन् 2024) फेब्रुअरीपछिको मिति दिनेगरि क्रमिक रूपमा निर्धारण गरिनेछ।**

## 4 आवेदन दिन सकिने अन्तिम दिनको बारेमा

स्थगनको आवेदन दिन सकिने अन्तिम मिति ऋण चुक्ता गरिसक्नुपर्ने अन्तिम महिनाभन्दा अघिल्लो महिनाको 15 तारिखसम्म हो।

## 5 समीक्षाको परिणामको बारेमा

परिणामको बारेमा लिखित रूपमा सूचित गरिनेछ।
* आवेदन दिएको दिनदेखि परिणाम पठाउनेसम्म करिब एक देखि डेढ महिनाको समय लाग्छ।
* ऋण मोचनको लागि आवेदन दिइसकेकाहरू लाई पनि सूचना पठाइन सक्छ।

【सम्पर्क स्थान】
साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी
【फोन नम्बर】 050-2018-1839 【सम्पर्क हुने समय】 सोमवार देखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html